# राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरले आयोगको २६ औं वार्षिकोत्सव समारोहमा दिनुभएको मन्तव्य

समारोहका प्रमुख अतिथि सम्माननीय सभामुखज्यू,
संसदीय समितिका सभापतिज्यूहरू,
प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सदस्यज्यूहरू,
संवैधानिक निकायका पदाधिकारीज्यूहरु,
कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिज्यूहरु,
UN Representatives,
सरकारी सेवाका उच्चपदस्थ राष्ट्रसेवकहरु,
नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मी, सञ्चारकर्मी र उपस्थित सम्पूर्ण महानुभावहरु ।

आजबाट राष्ट्रिय मानव अधिकार आयोग २६ वर्ष पूरा भएको छ ।आजको यो विशेष दिनमा मानव अधिकार, समानता र न्यायको महाअभियानमा योगदान गर्दैगर्दा दिवङ्गत हुनुभएका मानव अधिकारकर्मीहरू र जेन-जी आन्दोलनको क्रममा साहदत प्राप्त गर्ने सम्पूर्ण शहीदहरुमा म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र सुसंस्कृत राष्ट्रनिर्माणको पहिलो आधार अधिकार र दायित्वको समुचित प्रयोग र परिपालना हो ।हामी सबैलाई आ-आफ्नो स्थानबाट अधिकारको
प्रयोग र दायित्वको निर्वाहमा थप जिम्मेवार बन्न आजको दिनले प्रेरणा प्रदान गरोस् भन्ने मेरो हार्दिक कामना छ ।

विगतमा राजनीतिक अधिकार सम्बन्धी उजुरीहरू बढी हुने गरेकोमा हालका वर्षहरूमा आर्थिक अधिकार, सामाजिक तथा सांस्कृतिक अधिकार, वातावरणको अधिकार, न्याय प्रशासन लगायतका विषयहरूका उजुरीहरू आयोगमा बढी दर्ता हुने गरेका छन् ।

आयोगले मानव अधिकारका विषयमा नेपाल सरकार समक्ष गरेका सिफारिसहरुको कार्यान्वयनको स्तर सन्तोषजनक छैन । स्थापनाकालदेखि हालसम्मको अवधिमा नेपाल सरकारबाट आयोगका १३.२९ प्रतिशत सिफारिसको मात्रै पूर्ण कार्यान्वयन भएको अवस्था छ । आगामी दिनमा यसतर्फ सरकारले सकारात्मक पाइला चालेमा मात्रै कानुनी शासनको प्रत्याभूतिका साथै मानव अधिकार संस्कृतिको निर्माण सम्भव हुनेमा दुई मत नहोला ।

Global Alliance of National Human Rights Institutions (GANHRI) ले मार्च २०२५ मा गरेको आवधिक मूल्याङ्कन अनुसार आयोगको A Status कायम छ। यो उपलब्धि आयोग एक्लैको होइन । यो तपाईं-हामी सबैको साझा गौरव

र प्रसन्नताको विषय हो। यस उपलब्धिका लागि आफ्नो स्थानबाट गरेको योगदानका लागि म नेपाल सरकारको सराहना गर्दछु ।

Global Alliance of National Human Rights Institution (GANHRI) को Sub-Committee on Accreditation (SCA) बाट नियमित तथा विशिष्ट समीक्षा (Regular and Special Review) बाट निरन्तर आयोगको ऐन पेरिस सिद्धान्त बमोजिम परिमार्जन गर्न, आयोगको आर्थिक स्वायत्तता (Financial Autonomy) र आयोगलाई पर्याप्त स्रोत साधन (Adequate Resources) प्रदान गर्न सिफारिस हुँदै आएको छ ।तथापि, विगत लामो समयदेखिको निरन्तरको प्रयास र पहलका बाबजुद प्रस्तावित राष्ट्रिय मानव अधिकार आयोग ऐन अझै जारी हुन सकेको छैन । यसका कारण आयोगको कार्यप्रभावकारितामै नकारात्मक असर परिरहेको छ । म यसै मञ्चबाट आयोगको ऐन जारी हुने वातावरण निर्माणका लागि सम्माननीय सभामुखज्यूको विशेष ध्यानाकर्षण गराउँछु । त्यसरी जारी हुने आयोगको ऐनले आयोगलाई अझ स्वतन्त्र, स्वायत्त र प्रभावकारी बन्न योगदान दिन सकेमा त्यसले मानव अधिकारको संरक्षण र संवर्द्धनमा बल पुग्ने मेरो विश्वास छ ।

**सम्माननीयज्यू**

विगतमा भएका सशस्त्र द्वन्द्वको कठिन समयमा समेत आयोगले अनेकौं चुनौतीहरुको सामना गर्दै मानव अधिकारको संरक्षणको कार्य गरेको स्मरण गर्दछु । विगतको सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकार उल्लङ्घनका घटनाका पीडितहरुको न्याय र परिपूरणका विषयमा पनि आयोगले निरन्तर कार्य गरिआएको छ । सङ्क्रमणकालीन न्यायका संयन्त्रहरुले पीडितकेन्द्रित भएर पीडितको सन्तुष्टिलाई सुनिश्चित गर्ने गरी कार्य गर्नु पर्दछ भन्नेमा आयोग स्पष्ट छ ।द्वन्द्वकालीन घटनाका पीडितहरुको न्याय प्राप्तिमा ढिलाई हुँदा त्यसबाट समयमै न्याय र परिपूरण प्राप्त गर्ने पीडितहरुको अधिकार हनन् भइरहेकोतर्फ राज्य पक्षको ध्यान समयमै पुग्न आवश्यक छ ।द्वन्द्वकालीन घटनाका उजुरीहरुको समयमै सम्बोधन गर्ने गरी त्ससससम्बन्धी प्रक्रिया छिटो अघि बढाउन म नेपाल सरकारको विशेष ध्यानाकर्षण गराउँछु ।

सन् २०२१ देखि २०२६ सम्मका लागि आयोगले तर्जुमा गरेको छैटौं रणनीतिक योजना कार्यान्वयनको अन्तिम वर्षमा रहेको छ ।यस योजनाले व्यवसाय र मानव अधिकार, जलवायु परिवर्तन र मानव अधिकार, भ्रष्ट्राचार र मानव अधिकार, दिगो विकास लक्ष्य र मानव अधिकार र राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अनुगमन जस्ता विषयलाई प्राथमिकतामा राखेको छ। दिगो विकासका लक्ष्यहरु मानव अधिकारसँग अन्तर्सम्बन्धित रहेकाले तिनको कार्यान्वयनमा मानव अधिकारमुखी पद्धति अवलम्बन गरिनु पर्छ भन्ने आयोगको धारणा रहेको छ ।

नागरिक तथा राजनीतिक अधिकारहरुको तुलनामा अझै पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको प्राप्ति र प्रयोग सन्तोषजनक हुन सकेको छैन । अतः यसका लागि राज्यले थप कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक छ । यसका साथै वातावरणीय न्याय, Digital Rights, सीमान्तकृत समुदायको अधिकार, लैङ्गिक

मूलप्रवाहीकरणका विषयमा प्रभावकारी तवरबाट कार्य गर्न आवश्यक छ । आयोग यस कार्यका लागि नेपाल सरकारसँग हातमालो गर्न तत्पर रहेको छ ।

बदलिँदो विश्वपरिवेशमा व्यवसाय र मानव अधिकार जल्दोबल्दो विषय बनेको छ । व्यवसाय क्षेत्रको सुरक्षा र व्यवसायीहरुले वहन गर्नुपर्ने दायित्वलाई मानव अधिकारसित आवद्ध गर्न सकेमा मात्रै त्यसबाट व्यवसायी र सरोकारवालाको मानव अधिकारको सुनिश्चितताका लागि बल पुग्ने आयोगको विश्वास रहेको छ ।

लोकतन्त्रको सुसञ्चालन कानूनी शासनको अभावमा सम्भव छैन । लोकतान्त्रमा व्यक्तिभन्दा प्रक्रिया र परिणाम महत्वपूर्ण हुन्छ । तसर्थ आगामी दिनमा राज्यका सबै निकायहरुले अझ बढी लोकतान्त्रिक आचरण र व्यवहार प्रदर्शन गर्न सकून् भन्ने आयोगको सदिच्छा छ ।आयोग स्वयम् पनि यसका लागि निरन्तर क्रियाशिल रहेको विषय यहाँहरु सबैमा विदितै छ ।

नेपाल सरकारबाट हालसम्म आयोगलाई प्राप्त सद्भाव र सहयोगका लागि आभार व्यक्त गर्दै भविष्यमा समेत त्यसको निरन्तरता रहिरहनेमा म विश्वस्त छु। यसैगरी मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका लागि आ-आफ्नो स्थानबाट योगदान गर्ने सबै राष्ट्रसेवकहरुको म हार्दिक सराहना गर्दछु।

आयोगको कार्यमा सदाझैं सहयोग गरिरहने संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP), युरोपेली युनियन, UN agencies लगायत अन्य सबै अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरुमा हार्दिक आभार प्रकट गर्दछु। यसैगरी आयोगको कार्यमा निरन्तर सहयोग गरिरहने साहित्यकार, कलाकार, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चार जगत्, उद्योगी-व्यवसायी र सम्पूर्ण स्वदेशी तथा विदेशी सङ्घ-संस्थाहरूप्रति समेत म आभार प्रकट गर्दछु ।

अन्त्यमा, आफ्नो अमूल्य समय प्रदान गरी यो समारोहमा उपस्थित प्रमुख अतिथिज्यू लगायत सबैमा कृतज्ञता अर्पण गर्दछु ।
धन्यवाद !
मिति : २०८३/०२/१३ गते ।